# स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९

## आ.व.२०७९देखि २०८४

बाँफिकोट गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९


प्रकाशक : बाँफिकोट गाउँपालिका

सम्पर्क नं. : 9857888729

ईमेल : ito.banphikotmun@gmail.com

वेवसाइड : Banphikotmun.gov.np

प्रकाशन वर्ष : २०७९ असार २३

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## दुई शब्द

नेपालको संविधानले लैङ्गिक तथा सामाजिक समावेशी समाजको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ । महिलाको, दलित, बालबालिकाको हक, सामाजिक न्यायको हक लगायतका हकअधिकारहरू संविधान प्रदत्त हकहरू हुन् । संविधानमा व्यवस्था भएका हकहरू कार्यान्वयन गरी नागरिकलाइ महसुस गराउने जिम्मेवारी स्थानीय सरकारको पनि हो ।

बाँफिकोट गाउँपालिका यसै गरी गाउँपालिकालाइ लैङ्गिक तथा सामाजिक समावेशी गाउँपालिका बनाउन "**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९**" रणानीतिक योजना तयार गरेको छ।

लैङ्गिक, जातीय तथा वर्गिय विभेद रहित समतामुलक, न्यायपुर्ण समृद्ध गाउँपालिकाको निर्माण गर्ने दूरदृष्टि लिएर यो रणनीति निर्माण भएको हो । यो रणनीतिक योजनाले गाउँपालिकाको नीति, योजना, संरचना व्यवस्था, सेवा प्रवाह, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउने, महिला तथा लक्षित वर्गको सशक्तीकरणको माध्यमद्वारा सार्वजनिक स्रोत, साधनको पहुँच र नियन्त्रण बढाउने उद्देश्य लिएको छ । यो रणनीतिक योजनाले दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गको समान अवसर, नेतृत्वदायी भूमिकाका वृद्धि, साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितताका लागि आर्थिक सशक्तीकरणका गतिविधिहरू सञ्चालन गर्ने उद्देश्य लिएको छ । नेपालले लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरू स्थानीय तहसम्म कार्यान्वयन गर्नु गाँउपालिकाको दायित्व पनि हो ।पालिकालाइ हिंसारहित बनाउन पालिकामा सामाजिक न्याय स्थापना गर्न समेत यो रणनीतिक योजनाले मद्दत गर्नेछ ।

यो रणनीतिक योजना निर्माण गर्न नेतृत्व गर्ने स्वतन्त्र विज्ञ, कार्यदल, रणनीति निर्माणमा खट्नु भएका गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरू सबैलाइ म हार्दिक धन्यवाद दिन चाहन्छु । लैससासमैत्री गाउँपालिका निर्माण गर्न यो योजनाले महत्वपूर्ण भूमिका खेल्न सबै सरोकारवालाहरूको सकारात्मक योगदानको अपेक्षा गर्दछु।

...........

जनक कुमार बाँठा मगर
गाउँपालिका अध्यक्ष

जनक कुमार बाँठा मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

# विषय सूची

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९


१. पृष्ठभूमि ........ 1

२. गाउँपालिकाको सङक्षिप्त परिचयः ........ 2

३. लैससास रणनीतिको औचित्यताः ........ 5

४. रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया ........ 6

५. दीर्घकालिन सोचः ........ 6

६. ध्येयः ........ 7

७. लक्ष्यः ........ 7

८. उद्देश्यः ........ 7

९. नीति ........ 8

१०.रणनीति ........ 8

१०.१ मूलप्रवाहिकरण ........ 8

१०.२ सशक्तीकरण ........ 9

१०.३ क्षमताविकास ........ 9

१०.४समन्वय, सहकार्य र सहजीकरणः ........ 9

१०.५ अनुगमन तथा मूल्यांकनः ........ 9

१०.कार्यनीति ........ 10

११.१ कार्यनीति (रणनीति १०.१ सँग सम्बन्धि) ........ 10

११.२ कार्यनीति (रणनीति १०.२ सँग सम्बन्धि) ........ 11

११.३ कार्यनीति (रणनीति १०.३ संग सम्बन्धीत) ........ 16

११.४ कार्यनीति (रणनीति १०.४ संग सम्बन्धीत) ........ 17

११.५ कार्यनीति (रणनीति १०.५ संग सम्बन्धीत) ........ 18

१२. रणनीति पुनरावलोकन तथा सुधार ........ 19

१३.बाधा अडचन फुकाउने ........ 19

१४. अवस्था विश्लेषण (SWOT) ........ 20

१५. सरोकारवाला पहिचान ........ 23


जनक कुमार बोँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३


१६. लक्षीत वर्ग प्राथमिकिकरणः....... 24

१६.१लक्षीत वर्ग प्राथमिकिकरण तथा लक्षीत वर्गका सवालहरू....... 24

१७.वित्त व्यवस्थापन....... 26

१८. कानूनी व्यवस्था....... 27

१९.रणनीति कार्यान्वियनको जिम्मेवारी तथा दायित्व....... 27

२०. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरू....... 28


जनक कुमार ... मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९

### १. पृष्ठभूमि

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीक रणनीति, कार्यक्रम, रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो। यसले लैससाससँग सम्बन्धीत विभिन्न अनुभवहरूलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो। यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै,समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ। नेपाल सरकारको विकासका सूचकहरूको प्रासिका निम्ति लैससासको मुलप्रभाविकरण नेपालको संविधानको प्रस्तावनमानै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३८लेमहिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। सीमान्तकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संवोधन गर्न र लिंग तथा जात, जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन्। पन्ध्रौं पन्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैङ्गिक विकास सूचाङ्कलाई ०.९२५ बाट ०.९६३ पुऱ्याउने अपेक्षा राखेको छ।

समानताको हकले नागरिकहरू ,सामाजिक र सांस्कृतिक रुपले पछाडिपरेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले विशेष प्रावधानहरूको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ। यसरीनैस्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरूको व्यवस्था गरेको छ।

(क) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको।

जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

(ख) वडा समितिको काम,कर्तव्य र अधिकार अन्तर्गत तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्कसङ्कलन, विकास कार्य अन्तर्गत बालविवाह,बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको।

(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड,योजना बनाउदा महिला,बालबालिका तथा पिछडिएका वर्ग,क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदैलैससास प्रवद्र्धन गर्ने व्यवस्था गरिएको। त्यसैले,संबिधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला,दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहकोविकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्नआवश्यक रहेको छ।यसरीनैलैससासका मुद्दाहरूलाई केन्द्रिय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धार सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समाबेशी विकासलाई प्रबद्धधन गरी यसको मूलप्रवाहीकरण गर्न यो रणनीति तयार गरिएको हो।

## २. गाउँपालिकाको सङक्षिप्त परिचयः

प्राकृतिक हिसाबले सुन्दर बाँफिकोट गाउँपालिका सुन्दर प्रकृतिको काखमा अवस्थित छ।यस बाँफिकोट गाउँपालिका ऐतिहासिक हिसाबले पनि छुट्टै इतिहास बोकेको गाउँपालिका हो । नेपालको कर्णाली प्रदेश रुकुम(पश्चिम) को सदरमुखामदेखि५ कोषपश्चिमदक्षिणमा पर्ने बाँफिकोट गाउँपालिकामा केहि समथर भुभाग,टाकुरा र अग्ला चुचुराहरू छन् ।बाँफिकोट गाउँपालिका नेपालको संबिधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाँउपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा बिशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको कर्णाली प्रदेश अन्तर्गतको रुकुम (पश्चिम) जिल्लामा पर्ने एक स्थानीय तह हो।बाँफिकोट गाउँपालिकाको कुल क्षेत्रफल १९१.४ वर्ग किलोमिटर छ । नेपालको नयाँ संविधान, २०७२ बमोजिम यसअघिका ५ गा.वि.स. गाभिएर बाँफिकोट गाउँपालिकाको स्थापना बि.स. २०७३ साल फागुन ४ गते भएको थियो ।बाँफिकोट



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँपालिकालाई कुल १० वडामा विभाजन गरिएको छ र यस गाउँपालिकाको प्रशासकीय कार्यालय बाँफिकोटको वडा न. ४ मा अवस्थित छ।बाँफिकोट गाउँपालिका साविकका पिपल गा.वि.स का वडा न. १ र २ नम्बर मिलेर हालको वडा न. १, पिपलका वडा न. ३ देखि ९वडा मिलेर हालको वडा न. २,साविकको बाँफिकोट गा.वि.स.का वडा न. ३,८,९ मिलेर हालको वडा न. ३, बाँफिकोट गा.वि.सकै वडा न.१,२ र ४ मिलेर वडा न. ४ र वडा न. ५,६ र ७ मिलेर हालको वडा न. ५ बनेको छ। त्यसै गरी साविकको मग्मा गा.वि.सका वडा न. २,३,४ र ६ मिलेर हालको वडा न. ६ र वडा न. १,५ र ९ मिलि हालको वडा न. ७ बनेको छ । दुलि गा.वि.सका वडा न. ४,५ र ६ मिलेर हालको बाँफिकोट गाउँपालिकाको वडा न. ८ बनेको छ। त्यसैगरी ततकालिन झुला गा.वि.सका वडा न. १,२,३,४,५ वडा मिलेर हालको वडा न. ९ र वडा न. ६,७,८,९ मिलेर बाँफिकोट गाउँपालिकाको वडा न. १० बनेको छ।बाँफिकोट गाउँपालिका पूर्व दक्षिणमा रेवत खोला, पाथीभरे, सिस्ने गाउँपालिका (रुकुम पूर्व जिल्ला), दक्षिणमा सानीभेरी नदी, मुसिकोट नगरपालिका, पश्चिममा झारमारे, घारीखोला, पोखरी, ठुला खर्क, सीमाना गैरा, सानीभेरी गाउँपालिका र उत्तरी सिमाना पाथीभरे, मौरीछिर्न, खजगजा, भनभने, झार्लभोट, धजाहाल्न, झारमारे, आठबिसकोट नगरपालिका पर्दछ।यस बाँफिकोट गाउँपालिकाको जनसङख्या २१०५६ रहेको छ भने यस गाउँपालिकामा जम्मा घरधुरी संङख्या ४२९८ रहेको छ । सानीभेरी नदीको किनारामा अवस्थित छिनखेत बजार यस बाँफिकोटगाउँपालिकाका व्यापारिक क्षेत्रहरुमध्ये एक मुख्य क्षेत्र हो ।बाँफिकोट गाउँपालिका पर्यटकीय सम्भावना बोकेको एक महत्वपुर्ण गाउँपालिका मानिन्छ ।यस बाँफिकोट गाउँपालिकामा बर्षेनी हजारौं पर्यटकहरु घुम्न आउने गर्दछन। यस गाउँपालिकाको पर्यटकीय स्थलहरु गुम्ती दह(वडा न. १०), थुमालेख(वडा न. १०),सिद्ददह घोरताप्ले(वडा न. १०), भम्पुचौर युद्द पर्यटकिय स्थल(वडा न.७), तिर्सुले गाडे नौधारी लेख(वडा न.५), मेलगैरी(वडा न.२),तार्सुकाँडा(वडा न.१),दादुरे ताल(वडा न.३), रेडियो गणतन्त्र चलेको झिझिकाँडाआदि रहेका छन भने यस बाँफिकोट गाउँपालिकाको मुख्य पर्यटकिय स्थल स्यार्पु ताल रहेको छ ।यस बाँफिकोट गाउँपालिकामा विश्वमै दुर्लभ मानीएको रातो पाण्डा(red panda) पनि यस गाउँपालिकाको डम्माने लेखमा पाईने गर्छ ।बाँफिकोट गाउँपालिकामा विभिन्न प्रकारका धार्मिक स्थलहरु पनि रहेका छन। यहाँ रहेका धार्मिक स्थलहरुमध्ये बुरुमोष्ट क्षेत्र बिकाश कोष, धनुजैसी कुनाखेत, कालाभैरव आदि महत्वपुर्ण धार्मिक स्थल हुन ।

यस बाँफिकोटमा पहिले भोटेहरुको वस्तीभएको भन्ने चलन छ, त्यसपछि केही समय मानव वसोवास नरहेको देखिन्छ ।बाँफिकोटमा सबभन्दा पुरानो वस्ती वडागाउँ रहेको र त्यसमा पहिले बस्नी पुर्व काँक्रीबाट आएर रामजा मगरहरु नैबसेको भन्ने छ । र तत्कालिन समयमा मगरहरुले राज्य संचालन गर्ने गर्दथे । मगरहरुले राज्य संचालन गर्ने क्रममा एउटा राजाको



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

राज्य अवधी सकियपछि नयाँ राजा राख्ने गरिन्थ्यो र सो राजदरवारको नजिकै एउटा नाग(सर्प) बस्ने गरेको र नयाँ कुमार राजा राजगद्दिमा बस्दा नागले कुमार राजालाई खाईदिने गर्दथ्यो । तत्कालिन समयमा हात हतियार राख्ने ठाउँलाई कोत भनिन्थ्यो । एक दिन एकजना व्यक्तिले राजकुमारलाई सो कोतमा राखेर ढकन लगाएर बन्द गरिदिए र सर्प आयो राजकुमारलाई देखेन र ती राजकुमार बाँचे वा बाँकि रहे ।राजकुमार  कोतमा राखेर बाँचेकोले बाँकिकोत-बाँकिकोत भन्दा भन्दै अपभर्म्स भएर बाँफिकोट भएको भन्ने गरेको पाईन्छ ।

यस गाउँपालिकामा समथर भुभाग, टाकुरा र अग्ला लेकहरू पनि रहेका छन् । वडा नम्बर १, २,३ र ४  मा समथर भू- भाग रहेको छ ।वडा नम्बर १, २, ३ र १० वडाको बेसी भएर सानीभेरी नदि बग्ने गर्दछ । वडा न. १,२,३,४ मा रहेका फाँटहरु जो कृषिका लागि उपयोगी स्थान मनिन्छन ।बाँपिकोट गाउँपालिकामा यी अग्ला भागहरूमा कहिलेकाही हिउँ समेतपर्दछ ।आफ्नै भौगोलिक धार्मिक, ऐतिहासिक, राजनैतिक र सामाजिक महत्व र विशेषता यस गाउँपालिकाको रहेको  छ ।यहाँ ब्राहमण,क्षेत्री, दलित, जनजाति, अल्पसंख्यक लगायतको मिश्रित बसोबास छ ।ब्राहमण,क्षेत्री,दलित र जनजातिअन्तर्गतका ठकुरी, मगर, कामी, सार्कि, दमाई, बस्नेत, खत्री, भण्डार, ओली, गिरी, विष्ट, पुन, घर्ति, थापा आदि यहाँका जातजातीहरू हुन् । धार्मिक तथा साँकृतिक, कृषि र शैक्षिक पर्यटनका लागिबाँफिकोट गाउँपालिका आकर्षक गन्तव्यका रुपमा रहेको छ ।

विभिन्न जातजातिहरूबीचको सामाजिक, साँकृतिक र धार्मिक सहिष्णुता, सदभाव, सहकार्य र एकता यस गाउँपालिकाको मुख्य विशेषता हो । विविध संकृतिले भरिपुर्ण रहेको छ यो बाँफिकोट गाउँपालिका  सोरठी, सिगारु, पैसेरी, तीज, देउसी, भैलो, टप्पा, झ्याउरे आदि नाच विशेष पर्व तथा उत्सवमा मनोरञ्नका लागि नाचिन्छ ।गाउँक्षेत्रका सबै समुदायले नाच्ने यो मयुर नाच निकै लोकप्रिय छ  । यो नाँच नाँच्दा बासुरी मादल तथा अन्य बाजाँगाजाहरूको प्रयोग समेत गरिन्छ । महिला तथा पुरुषले मिश्रित रुपमा नाच्ने यो नाँच निकै आकर्षक अनि रमाईलो हुन्छ । धार्मिक, साँकृतिक एवं पर्यटकीय क्षेत्रहरूको संरक्षण सम्बर्द्धन गर्न गाउँपालिकाले प्रोत्साहन गर्दै आएको छ ।मगर हरुको बाहुलेता भएकोले यस गाउँपालिकामा माघे सक्रान्तिलाई विषेश तरिकाले उत्साहका साथ मनाउने गरिन्छ ।

यस गाउपालिका भित्र मुख्यतया बाघ, बाँदर, स्याल, खरायो, मलस्ब्रो, घोरल, रतुवा, रेड पाण्डा आदि यस क्षेत्रमा पाइने वन्यजन्तुहरू हुन् । त्यसैगरी चराचुरुङगीहरूमा होलेसा, मलेवा, तित्रा, ढुकुर, कालिज, काग, गिद्ध, सुँगा आदि पाइन्छन् । साल, सल्ला, बाँझ, साज, भिमल, वर, पीपल, खैरी, कोठीमारो, जामुना, आदि यहाँका मुख्य वनस्पतिहरू हुन् । साथै यस गाउँपालिकामा औषधि जन्य जडबुटीहरु पनि प्रसस्त रुपमा पाईनछन ।



जनक कुमार वाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

प्राकृतिक सुन्दरता,सहरीकरण,कृषि,पशुपाल,मौलिकता संस्कृतिबाँफिकोट गाउँपालिकाको पहिचान हो। विविधताबीचको एकता यहाँ पाउँन सकिन्छ ।प्राकृतिक,धार्मिक, ऐतिहासिक, सांस्कृतिक, उत्पादन र पर्यटनको समग्ररुप बाँफिकोट गाउँपालिका हो ।

"शुसासन र सदाचारः भस्ट्राचारलाई बहिष्कार" भन्ने मुलनारालाई आत्मसात गर्दै यस बाँफिकोट गाउँपालिका क्षेत्रको समृद्धि, समुन्नति र विकासको लागि गाउँपालिका परिवार अगाडि बढिरहेकोदछ । क्रमशः शिक्षा,स्वास्थ्य, उत्पादन र रोजगारीलाई प्रमुख प्राथमिकता क्रमका क्षेत्र तोकि सोही अनुरुप बजेट बिनियोजन गरी गाउँपालिका विकासको पथमा लम्किरहेको छ।

३.लैससास रणनीतिको औचित्यताः

नेपालको संविधानमा व्यवस्था भएअनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरू र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू स्थानीयकरण गरि लागु गर्न गराउन आबश्यकता महशुस गरी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेकोछ।लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरूले स्पष्ट पारेको छः

क) लैससास सम्बन्धी प्राबधानहरूलाई स्थानीयकरण गरी बिकासको मूलप्रवाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्दछ।

ख) खण्डिकृत तथ्याङ्क सहित लक्षीत समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ।

ग) दिगो विकास लक्ष्य प्रासिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहरूलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ।

ङ) लैसससाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरू बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ।

जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

### ४.रणनीतिक योजना निर्माणको विधि तथा प्रकृया

गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजनालाई गाउँपालिकाको मार्गनिर्देशनमा विविध क्षेत्रमा संलग्न सरोकारवालाबिच गरिएको परामर्शबाट तयार पारिएको हो। यो रणनीतिक योजना तयार गर्नको लागि गाउँपलिकाका उपाध्यक्षको संयोजकत्वमा ७सदस्यीय कार्यदल गठन गरिएको । कार्यदलले रणानीतिक योजना निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ ।गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि देहायका विधिहरू अवलम्वन गरिएको छ।

(क) **दस्तावेज अध्ययन :** कार्यदल र सहजकर्ताको सहकार्यमा नेपालको संविधान२०७२, १५ औ पञ्चवर्षीय योजनाको अवधारणा पत्र, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको लैससास सम्बन्धी प्रावधानहरू, दिगो विकास लक्ष्य ५, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना ,राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरू,लैङ्गिक समानता नीति २०७७, स्थानीय सरकारको समावेशीकरण नीति २०७८ तथा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, बार्षिक प्रगती प्रतिवेदन आदी अध्ययन गरि तयार पारिएको।

(क) **परामर्श कार्यशाला :** गाउँपालिका अध्यक्ष, उपाध्यक्ष सहित कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरू, लक्षित समुहका प्रतिनिधिहरूको उपस्थितिमा २ दिने कार्यशाला आयोजना गरिएको । उक्त कार्यशालामा समुहगत छलफलबाट गाउँपालिकाको अवस्था विश्लेषण, सवाल पहिचान तथा लक्षित समुहहरूको नक्साङ्कन गरी प्राथमिकिकरण गरियो।

(ख) **लक्षित वर्ग पहिचानः** कार्यशाला गोष्ठीको छलफलबाट प्राथमिकिकरणमा परेका लक्षित समुह केन्द्रित छलफलवाट समुदायमा रहेका लक्षित वर्गको अवस्था र आवश्यकताको वारेमा जानकारी।

(ग) **मस्यौदा प्रस्तुतीकरण बैठक :** माथि उल्लेख भए बमोजिमका विधिद्धारा प्राप्त सुचनाकोविश्लेषणको आधारमा तयार पारिएको मस्यौदा रणनीति योजना बारे गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको कार्यशालामा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिईएको थियो।

### ५. दीर्घकालिन सोचः“स्वास्थ्य शिक्षा तथा कृषि पर्यटन र पूर्वाधार, बाँफिकोट गाउँपालिकाको समृद्धिको आधार”

जनक कुमार बाँठा मगर
अध्यक्ष

६. ध्येयः विद्यमान जात, वर्ग, क्षेत्र, लिंग, उमेरका आधारमा हुने गरेको विभेदको अन्त्य गरी समतामुलक र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

७. लक्ष्यः(क) वञ्चितिकरणमा परेको वर्गलाई न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट मुलप्रवाहमा ल्याउने।

८. उद्देश्यः

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा मूलप्रवाहीकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरू यस प्रकार छन्ः

८.१ लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूलाई समाबेशी गरि, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

८.२ स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरू सहित महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरि उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

८.३ लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न समिति, , गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

८.४ स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

९. नीति

९.१ स्थानीय सरकारले सचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला, बहिष्करणमा परेको वर्ग र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति लिनेछ।(उद्देश्य ८.१ संग सम्बन्धीत)।

९.२ लैङ्गिक उत्तरदायी बजेटलाई तथा लैङ्गिक समानता तथा समावेशीकरण परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तिय श्रोतमा पँहुच अभिबृद्धि गरिनेछ।(उद्देश्य८.१ संग सम्बन्धीत)।

९.३ स्थानीय सरकार, सेवा प्रदायक सरोकारवाला संस्थाहरू, महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरि उनीहरूको योजनाबद्धरुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।(उद्देश्य १०.२ संग सम्बन्धीत)।

९.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि गाउँपालिकाले निर्माण गरेका ५ वर्षे आवधिक योजना ,बालविवाहरणनिति योजना २०७५लाई आधार मानि आन्तरिक र बाह्य सवै सरोकारवालहरूसंग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिनेछ।(उद्देश्य ८.३ संग सम्बन्धीत)।

९.५ सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ। (उद्देश्य ८.४ संग सम्बन्धीत)।

१०.रणनीति

१०.१मूलप्रवाहिकरण

क) स्थानीय तहमा महिला, बालबालिका तथा गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्य मार्फत बहिस्करणमा परेका समुदायहरुको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र स्थानीय बिकाशको प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकाको संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश



जनक कुमार बोठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गरि लैगिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहिकरण गर्दै लगिनेछ।

१०.२सशक्तीकरण

बिकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब, महिला, आदिबासी जनजाती,, दलित, पिछडिएका बर्ग, अल्पसंख्यक आदिको स्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ।

१०.३ क्षमता विकास

क) स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने।

ख) स्थानीय नागरिक विशेष गरी लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने।

१०.४ समन्वय, सहकार्य र सहजीकरणः

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

ख) लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एवं गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

१०.५ अनुगमन तथा मूल्यांकनः

स्थानीय सरकारकोसबैकार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने। पालिकाको लैंगिक तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचिलन गरिनेछ। लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ।

जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

१०.कार्यनीति

११.१ कार्यनीति (रणनीति १०.१ सँग सम्बन्धि)

क) योजना र कार्यक्रम चक्रमा लैससासको एकिकृत गरि लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्नेछ।

ख) बढी भन्दा बढी जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ।

ग) सेवा प्रवाह सयन्त्र र प्रक्रिया लैससासमैत्री हुनेगरी सुधार एवम विकास गर्नेछ।

घ) लैङ्गिक उतरदायी बजेट तर्जुमा तथा लैंगिक लेखाजोखा बिधीलाई लैङ्गिक पुर्णरुपमा कार्यान्वयनमा ल्याईने छ।

ङ) स्थानीय सरकारको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, दलित तथा वञ्चितीकरणमा परेका र पारिएकाहरूका लागि विद्यमान प्रावधानहरूका बारेमा अवगत गराउने ।

च) स्थानीय सरकारको जिम्मेवारी सु–सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एवंम निरन्तर सञ्चालन गर्ने।

छ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने।

ज) लैङ्गिक उत्तरदायी वजेट मार्फत नतिजामुखी मध्यकालिन खर्च संरचना तथा आवाधिकर बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्ने।

झ) लैङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने ।

ञ) स्थानीय तहका लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले स्थानीय निकायको आवधिक,बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने।

ट) सेवाप्रदायक निकायका सरोकारवालाहरुलाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्ने।

ठ) स्थानीय सरकारका प्रतिबेदनहरुमा लैङ्गिक उत्तरदायी वजेट मापन तथा लैससास परीक्षणका प्रतिबेदनहरु समाबेश गर्ने व्यबस्थालाई संस्थागत गरिने छ र यसमा भएको उपलव्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरुलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गर्ने।



जनक कुमार बाँठा मगर
अध्यक्ष

वाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

११.२ कार्यनीति (रणनीति १०.२ सँग सम्बन्धि)

क) खण्डीकृत तथ्यांक र तथ्यांगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बञ्चितिकरणमा परेका समूहको पहिचान गर्ने।

ख) स्थानीय तह संग समन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको लैससास दृष्टिकोणबाटपुनरावलोकन तथा निर्माण गर्ने।

ग) विपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यन्वयन गर्ने।

घ) आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक विविधताको सम्मान गर्ने।

११.२.१ **संस्थागत ब्यबस्था:** लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरू स्थापना र ब्यवस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ।

११.२.१.१ **सामाजिक विकास शाखा र यसको काम तथा कर्तब्य:**

यस शाखाले लैङ्गिक समानता तथा सामाजिक सुरक्षा, वालवालिका किशोर किशोरी तथा युवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा निगमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धित कामहरू गर्नेछन। साथै यस महाशाखा वा शाखाले निम्न थप कार्यहरू गर्न सक्नेछन:

क) स्थानीय तहका महिला, वालवालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क सङ्कलन एव विश्लेषण गर्ने।

ख) महिला र अन्य सीमान्तकृत समुहको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्ने।

ग) लैससासको प्रवर्धन र विकासका लागी योजना तथा कार्यक्रम बनाई लागु गर्ने।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गर्ने।

ङ) महिला र अन्य सीमान्तकृत समुहको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने।

च) लैङ्गिक हिंसा नियन्त्रणका लागी निरोधात्मक, प्रबर्द्धनात्मक,संरक्षणात्मक उपाय र पुनस्थापना गर्ने।

छ) लैङ्गिकपक्ष सम्वन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

झ) लैङ्गिकपक्ष सम्वन्धि गुनासो ब्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्ने।



जनक कुमार बुँढा मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

ञ) कार्यक्रमको अनुगमन र मूल्यांकन स्थानीय तहको कार्यक्रम एवं संस्थागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नियमित रुपमा गर्ने।

ट) सञ्चार माध्यमबाट लैससास सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबद्र्धन र संरक्षण गर्ने।

ठ) महिला एवं वञ्चितिमा परेको वर्गहरूको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्ने।

ड) कार्यस्थलको संस्कारमा सुधारको पहल गर्ने।

ढ) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउने।

ण) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउने।

त) संविधान तथा दिगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई निर्देशन दिने।

थ) योजना अधिकृतहरूलाई विभिन्न सामाजिक पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण तथा संरचित विभेदलाई न्यून गर्ने खालका कार्यक्रम तथा आयोजनाहरूको विकास गर्न निर्देशन दिने।

द) निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, हेरचाह सम्बन्धी कार्यबोझको न्यूनीकरणका उपायहरूको पहिचान गर्ने, पुरुष तथा बालकहरूसँग र सुविधासम्पन्न सामाजिक समूहसँग काम गर्ने।

ध) लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराउने।

न) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ।

प) लैससास शाखा चलायमानका लागि **लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person)**नियुक्त गरी कार्यबिबरण तोकिनेछ।

फ) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरू र पालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरूलाई सहजताका लागि **लैंगिकमैत्री शौचालय** र **स्तनपान कक्षको** व्यबस्था गरिनेछ।

ब) पालिकामा कार्यरत कर्मचारीहरूलाई लैंगिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरूका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समाबेशीमैत्री बनाइनेछ।

जनक कुमार बुढा मगर
अध्यक्ष

भ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी ब्यवस्था बारे जनप्रतिनिधी लगायत कर्मचारीहरूमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य ब्यवहारका लागि प्रोत्साहीत गरिनेछ।

म) पालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरू र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने।

य) वडास्तरको सबै वस्तीहरूमा सबै बर्ग समुदायका मानिसहरूको सहभागिता गराई टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने ।

र) पालिका क्षेत्र भित्र संचालन हुने बिकास निर्माणका कार्यहरूको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरूमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने।

ल) पालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरू र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरू लगायत पछाडि परेका वा पारिएका समुदायहरूको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरूको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने।

व) पालिकाको गरिबी नक्सांकन साथै लैङ्गिक तथा सामाजिक समाबेशी हिसावले खण्डिकृत तथ्याङ्कसङ्कलन, बिश्लेषण र अद्यावधीक गर्नका लागि सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने।

### ११.२.१.२ बिभिन्न समितिहरूको गठन

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरू प्रति संबेदनशिल भई गाउँपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैंगिक तथा समाबेशीमैत्री बनाउन पालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरू र कार्यरत सबै कर्मचारीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समाबेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ। पालिकामा क्रियाशिल सबै संयन्त्रहरू लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, बिकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ। संविधान अनुसार स्थानीय सरकाले विभिन्न समितिहरू गठन गरि यस रणनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गरिनेछ।



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

(क) गाउँपालिका लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिः

प्रत्येक स्थानीय तहमा निम्नानुसारका मूलपरवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१.गाउँपालिकाको अध्यक्ष- संयोजक

२. गाउँपालिकाको उपाध्यक्ष- सदस्य

३ प्रमुख प्रशासकीय अधिकृत -सदस्य

४. कार्यपालिकाको सदस्यहरू मध्येवाट १ जना महिला सहित २ जना - सदस्य

५. गाउँकार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला)- सदस्य

६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण फोकल व्यक्ति - सदस्य

७.सम्वन्धित स्थानीय तहको महिला बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख - सदस्य सचिव

(ख) गाउँपालिका लैससास मूलप्रवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः

१. गाउँपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजातिलैङ्गिक यौनिक अल्पसङ्ख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क सङ्कलन एवं विश्लेषण गर्ने।

२. लैङ्गिक,आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएकोसमुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाउँसभा समक्ष सिफारिस गर्ने।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बद्र्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागिगाउँसभा समक्ष सिफारिस गर्ने।

५. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिनेर कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने।



जनक कुमार थापा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

६. गाउँपालिकाको नियमितरुपमा लैंगिक तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्ने।

७. लैससाससंग सम्बन्धीत अन्तराष्ट्रिय सन्धी, संझौताहरूको समन्वय, सहकार्य, सहजीकरण रकार्यन्वयन गर्ने गराउने।

८. गाउँपालिकामा क्षेत्र भित्र लैससाससंग सम्वन्धि काम गर्ने संघ-संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

९. पालिकामा लैससाससंग सम्बन्धीत विषय बस्तु हेर्नलाई लैससास शाखा वा डेस्कको व्यवस्था गर्ने।

**(ग) गाउँपालिका लैससास कार्यन्वयन तथा अनुगमन समितिको बैठक र निर्णयः**

१. समितिको बैठक आवश्यकता वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितकोसूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

५. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ।

६. समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**(घ) वडास्तरीय समितिः**

गाउँपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका संयोजक तथा सदस्यहरू रहने छनः

१. सम्वन्धित वडाको वडा अध्यक्षः - संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरुः - सदस्य



जनक कुमार बाँठा मगर
अध्यक्ष

वाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरुः -सदस्य

४. वडास्तरीय बाल संजालको अध्यक्ष- सदस्य

५. सम्वन्धित वडाको वडा सचिवः - सदस्य सचिव

(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः

१. वडा भित्रकोमहिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, लैङ्गिक यौनिक अल्पसङ्ख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने।

२. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, लैङ्गिक यौनिक अल्पसङ्ख्यक,अल्पसङ्ख्यक समुदायको सहभागिता अनिवार्य गर्ने।

३. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसङ्ख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बद्धधन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रमवनाई गाउँपालिकामा पेश गर्ने।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरूको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

११.३ कार्यनीति (रणनीति १०.३ संगसम्बन्धीत)

क) लैससासका लागी सस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि कार्यन्वयनगर्ने।

ख) स्थानीय सरकारको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघसंस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा समेटिने छ।

ग) सबै समुदायका विपन्न महिला, पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरूसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी स्थानीय तहको ७ चरणकोयोजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय निकायहरूको जिम्मेवारीका



जनक कुमार थापा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम्निरन्तर सञ्चालन गराईने छ।

घ) लैससास सम्बन्धी जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यन्वयन गर्ने।

ङ) स्थानीय सरकारका प्रमुख एवम राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरू तयारगरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याईने।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईने छ।

ज) स्थानीय सरकारले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूकोक्षमता अभिवृद्धि गने।

झ) लैससास सम्बन्धी असल अभ्यास छनौट गरी सोकोप्रचार प्रसार गर्न उत्प्रेरित गर्ने।

ञ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने।

### ११.४ कार्यनीति (रणनीति१०.४संगसम्बन्धीत)

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू, विकास साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरूबीच तल उल्लेख गरे अनुसार साझेदारी तथा सहकार्य गरिनेछ।

| समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि संभाव्य संस्थाहरू। | संभावित कार्य तथा भूमिका र जिम्मेवारी |
|---|---|
| केन्द्रिय तथा प्रादेशिक सरकार | • लैससासलाई राष्ट्रिय नीतिहरूमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत व्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने। |



जनक कुमार बुढा मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| | • लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने।<br>• लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससंग समन्वय कायम गर्ने।<br>• लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा समावेशीकरण बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने<br>• महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पु-याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने |
| महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, आदि वञ्चित समूहहरू | • खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने। |
| बिकास साझेदारी सस्थाहरू | • केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरूको लैससास सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने।<br>• लैससास लाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने।<br>• यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय,<br>• प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने। |

११.५ कार्यनीति (रणनीति १०.५ संग सम्बन्धीत)

क) स्थानीय सरकार अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र स्थानीय सरकार स्वमं लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्याँकन गर्ने।



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

ख) लैससास महाशाखा वा शाखाले अनुगमन तथा मूल्याँकन शाखासंग उस्को कार्यविधि, निर्देशिका, फेमवर्क, अन्य योजना तथा बाल विवाह अन्त्यका लागीनीति तथार गरि कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्याँकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने।

ग) स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरी लैससास मूखी बनाउन उद्देश्य र सूचकहरू लैससासका आधारमा खण्डिकृत गर्ने।

घ) खण्डिकृत तथ्याँक सङ्कलन र उपलव्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिबेदनमा खण्डिकृत तथ्याँक सम्मिलित प्रतिबेदन पेश गर्ने।

ङ) लैससास महाशाखा वा शाखाले लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्याँकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सो बाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने।

च) लैससास महाशाखा वा शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने।

छ) स्थानीय तहमा गठित सूपरिबेक्षण तथा अनुगमन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास महाशाखा वा शाखा र लैससास समन्वय समितिको सहकार्यमा लैससास सम्बन्धी सूचकहरूको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्राराम्भिक तथ्याँक सङ्कलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग-निर्देशन गर्ने र सोका लागि अभिमूखिकरण गर्ने।

ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन,लैससास सम्बन्धी मापन र परीक्षणलगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने। यी क्रियाकलापहरूमा महिला, दलित, आदिवासी जनजाति, तथा पिछडिएका समुदाय आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने।

## १२. रणनीतिपुनरावलोकनतथासुधार

यस रणनीति कार्यवनयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्याकनलाई आवश्यता अनुसारपुनरावलोकन तथा सुधार गरिनेछ।

## १३.बाधाअडचनफुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असरनपर्नेगरी स्थानीय सरकारले बाधा अड्चन फुकाउन सक्नेछ।



जनक कुमार बुढा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## १४.अवस्था विश्लेषण (SWOT)

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो। चौरजहारीनगर पालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा (१) नीति कानून, योजना (२) संस्थागत व्यवस्था (३) मानव संसाधन तथा क्षमता विकास (४) सेवा प्रवाह (५) सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएको। जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ।

| बलियोपक्ष(Strength) | कमजोर वा सुधार गर्नुपर्ने पक्ष(Weakness/Improvement) | अवसरहरू(Opportunities) | चुनौतीहरू(Threats ) |
|---|---|---|---|
| • बाल विवाह बाल श्रम र लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन हुनु ।<br>• सारक्षरता प्रतिशत वृद्धि हुँदै जानु ।<br>• राजनीतिक सामाजिक चेतना वृद्धि हुँदै जानु । | • बाल विवाह पूर्ण रुपमा नरोकिनु ।<br>• अपाङ्गता मैत्री भौतिक संरचना निर्माण हुन नसक्नु ।<br>• कानूनी साक्षरताको अभाव ।<br>• ज्यालामा लैङ्गिक असमानता ।<br>• विनियोजित बजेट र कार्यक्रम लक्षित वर्गसम्म नपुग्नु ।<br>• जातिय असमानता पूर्ण रुपमा निर्मुल हुन नसकेको ।<br>• सामाजिक, राजनीतिक क्षेत्रमा कानूनी | • महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धिमा नेपाल पक्ष राष्ट्र बनेको ।<br>• नेपालको संविधानको प्रस्तावना, मौलिक हक अन्तर्गत समानताको हक, रोजगारीको हक, महिलाको हक र राज्यको नीति तथा निर्देशक | • सामाजिक कुसंस्कार र कुरितिहरू निर्मुल गर्नु ।<br>• संविधान र ऐन कानूनले कानूनद्वारा प्रदत्त हकहरूको अनुभूति हुने गरी कार्यन्वयन गर्नु ।<br>• लैङ्गिक समानता तथासामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नीयम कानून कार्यविधि कार्यान्वन गर्न। |



जनक कुमार थाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| • लैङ्गीक समानता र न्यायका लागि नीति तथा कार्यक्रम बनाइ आवश्यक बजेट नियमित बजेटको व्यवस्था गर्नु ।<br>• सुत्केरी महिलाहरू सबैका लागि एम्बुलेन्स सेवा निःशुल्क गर्नु ।<br>• गरिब तथा विपन्न परिवारलाई निःशुल्क स्वास्थ्य विमाको व्यवस्था ।<br>• प्रचलित नियम कानूनहरूको कार्यन्वयनको | अनिवार्यता बाहेक महिला सहभागिता उत्साहजनक हुन नसकेको ।<br>• लैङ्गिक उत्तरदायी बजेट निर्माण एवम लैससास परीक्षणलाई वजेट व्यवस्थान नभएको।<br>• सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको।<br>• योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको । | सिद्धान्तमा लैङ्गिक समानता र समावेशीता सवाल उल्लेख गरिएको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले समावेशीतालाई आत्मसात गरेको ।<br>• कर्णाली प्रदेशको पञ्चवर्षिय योजना निर्माण भएको ।<br>• बाल विवाह न्यूनीकरण सम्बन्धी कार्यविधि पारित भई कार्यन्वयनमा रहेको ।<br>• बाल क्लव गठन लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि सञ्चालनमा ल्याइएको ।<br>• महिला बाल | • गरिबी र अशिक्षा न्यूनीकरण गर्नु ।<br>• स्थानीय सरकारले लक्षित वर्गको आवश्यकता पूरा गर्न साधन स्रोत र आवश्यकताबिच तालमेल मिलाउनु ।<br>• लैगिंकखण्डिकृत तथ्यांकको अभावको कारण सहिरुपमा योजना तथा बजेट व्यवस्थापन गर्न।<br>• |



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| प्रयास<br>• न्यायीक समिति मार्फत महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको । | | बालिका तथा समाजकल्याण उपशाखा स्थापना गरी सेवा प्रवाह गरिएको ।<br>• जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहित अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु। (क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने ) | |

जनक कुमार थापा मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## १५. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको लागि निम्नानुसार सरोकारवालाहरू पहिचान गरिएको छ। जसमा सिधा संपर्क हुने।दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरिएकोछ।

| सिधा सम्पर्क हुने (पहिलो नं कासरोकारवालाहरू) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरू) | अप्रत्यक्ष संपर्क हुनेहरू (तेश्रो नं का सरोकारवालाहरू) |
|---|---|---|
| महिलाबालबालिकातथासमजकल्याण उपशाखा | विकास साझेदारहरू | मुख्यमन्त्रीतथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश |
| योजनाशाखा | महिलासहकारी तथा सहकारी संस्थाहरू | प्रदेश मन्त्रालयहरू सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरू | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरू | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरू | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरू | संघीय मन्त्रालयहरू |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरू | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरू | दलित आयोग |
| सवै वडा कार्यालयहरू | गैह्रसरकारी संस्थाहरू | राष्ट्रिय योजना आयोग |
| गाउँकार्यपालिका | स्वयम सेवक समूहहरू | मानव अधिकार आयोग |
| गाउँसभा | उद्योग वाणिज्य संघ | अन्तराष्ट्रिय दातृ निकायहरू |
| न्यायिक समिति | राजनैतिक दलहरू | राष्ट्रिय स्तरका संचार माद्यमहरू |
| विषयगत समितिहरू सवै | संचार माद्यमहरू | |

जनक कुमार बाँठा मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## १६. लक्षीत वर्ग प्राथमिकिकरणः

गाउँपालिकामा महिला लगायत पछाडी परेका वा पारिएका बर्ग समुदायहरू लक्षित समुदायमा गाउँपालिकाले लक्षित समूहको उत्थान र विकासमा बार्षिक योजना तथा बजेट बिनियोजन गर्ने गरेको छ।लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई न्यायोचित अवसर प्रदान गरी विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षितवर्गहरू पहिचान गरिएको छ।समूह छलफलबाट तयार गरिएको गाउँपालिकाको नक्सामा सबै वडाहरूमा लक्षीत समूह छरिएर रहेको पाइन्छ।लक्षीत समूह र तिनका मुख्य सवालहरू निम्न बमोजिम उल्लेख गरिएको छ।

| | | | |
|---|---|---|---|
| महिला /एकल महिला, | बालबालिका | अपाङ्गता भएका व्यक्ति | जेष्ठनागरिक |
| आदिवासी जनजाती | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक | पिछडिएको क्षेत्र र समुदाय | अति बिपन्न समुदाय |
| किसान | द्वन्द्वपिडित | मजदुर | |

### १६.१लक्षीत वर्ग प्राथमिकिकरण तथा लक्षीत वर्गका सवालहरू

.<u>महिला/एकल महिलाका सवालहरू</u>

- नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्न
- महिलाहरूको योजना तर्जुमा प्रक्रियामा अर्थपूण सहभागितामा कमी।
- दुर्गम बस्तीमा बस्ने तथा निरक्ष र महिलाको सूचनामा पहुँच कमी।
- अधिकांस महिलालाई आफ्नो अधिकार र कानुनबारे जानकारी नहुनु।
- गर्ववती महिलालाई स्वास्थ्य सेवासम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु।
- घरेलुहिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुर्व्यबहार र बिभेदबाट पिडित हुनु।
- पुरुष प्रधान समाज तथा परम्परागत सोचका कारण लैंगिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरू कायमै रहनु।
- मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु।



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

| |
|---|
| • शिक्षा,आर्थिकस्रोतमापहुँचतथानियन्त्रणकमी।<br>• गर्भवतीमहिलातथासुत्केरीमहिलाहरूमापोषणकोकमी।<br>• कार्यालयहरूमालैंगिकमैत्रीसंरचनातथाब्यबहारकोकमी।<br>• एकलमहिला, अपांग, असाह्य महिलाहरूलाई असमान ब्यबहार तथासेवामा समान पहुँचका लागि अवसरबाट बञ्चित हुनु। |
| बालबालिकाका सवालहरू<br>• बाल श्रम हुनु, बाल यौन दुर्व्यबहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन्।<br>• बालविवाह कायमै रहनु र बालबिबाहलाई समाजले सहजै स्वीकार गर्नु ।<br>• बालमैत्री संरचना, व्यवहार, खेल मैदान, नहुनु।<br>• स्तनपान कक्ष सबै सार्वजनिक स्थानमा नहुनु।<br>• बालबालिकाहरूमा आत्मरक्षा शिप नहुनु।<br>• अबिभावक बिहिनताका कारण संरक्षणको अभाव। |
| अपाङ्गता भएका व्यक्ति<br>• समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनुका साथै रोजगारीमा पहुँच कमि<br>• अपहेलना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यबहारको शिकार हुनु।<br>• मानसिक स्वास्थ्य समस्याको सिकार हुनु।<br>• अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमी हुनु।<br>• समान शिक्षाको अवसरबाट बञ्चित।<br>• अपांङ्ग महिला, बालिका तथा किशोरीहरू यौनजन्य शोषण तथा दुर्व्यवहार र बलात्कारको शिकार बन्नु। |
| ज्येष्ठ नागरिक<br>• जेष्ठ नागरिकको सूचनामा पहुँच कमि।<br>• जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको व्यवस्था नहुनु साथै घरपरिवारबाट बेवास्ता र अपहेलना गरिनु।<br>• ज्येष्ठनागरीकमाथिअपमानजनकब्यबहार<br>• स्रोतमापहुँचतथानियन्त्रणकमि।<br>• परिवार तथा समाजबाट अपहेलीत र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्याको शिकारको सम्भावना रहनु। |
| लैंगिक तथा यौनिक अल्पसङ्ख्यक<br>• पहिचानहुन नसक्नु।<br>• खुलेर समाजमा आउन नचाहनु। |



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

- समान अवसरबाट बञ्चित हुनु।
- समाजबाट अपमानजनक व्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु।

अति बिपन्न समुदाय

- सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य
- मुख्य पेशा ज्यालामजदुरी
- गरिवीका कारण उच्च शिक्ष, स्वास्थ्य र रोजगारबाट बञ्चित
- सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालीत योजना लगायत सेवा सुबिधामा पहुँच कमी।
- अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु।
- निर्णयक तहमा सहभागिताको पहुँच न्यून।

किसान

- समयमा मल विउ नपाउनु, कृषि सिचाईको अभाव, वजार व्यवस्थापनको समस्या ।

मजदुर

- समान कामको लागि समान ज्याला नहुनु ।

द्वन्द्व पीडित

- घाईते तथा अपाङ्गता भएका व्यक्तीको सहि तथ्याङ्क नहुनाले सुविधाबाट बञ्चित ।
- सत्य निरुपण र मेलमिलाप हुन नसक्नु ।

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट यस गाउँरपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरू देखिएका छन। वलियो पक्ष, कमजोर पक्ष, अवस तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरू तथा सवै लक्षित वर्गहरू पहिचान भइसकेको छ। अधिकतम सवल पक्षहरू पहिचान भएका छन ती सवल पक्षहरूलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ।

## १७.वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरू संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ। लैङ्गिक उत्तरदायी बजेटलाइ स्थानीयकरण गरी यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरूलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

(क) लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।



जनक कुमार बाँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

(ख) भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरूमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने।

(ग) लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने।

(घ) स्थानीय तहमा कार्यरत विकास साझेदारहरूलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसँग सहकार्य गर्न निर्देशन दिने ।

(ङ) स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय सङ्घ संस्थाहरू संग समन्वय गर्ने

(च) संघीय तथा प्रादेशिक मन्त्रालयहरूमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरूमा अध्यन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

(छ) सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरूमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## १८. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ। यो रणनीतिलाई प्रभावकारीरूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ। तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरूको आवश्यकता नपर्ने खालका प्रावधानहरू भने स्वत कार्यान्वयन मा आउने छन।

## १९.रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन तथा अनुगमन समितिको हुनेछ भने वडामा वडा स्तरी लैससास कार्यन्वयन तथा अनुगमन समितिको हुनेछ। कार्यालयहरूले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरू समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपप्रमुख/ उपाध्यक्षको हुनेछ भने आवश्यकतअनुसार विषय विज्ञहरू राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छूटेका विषयहरू पहिचान गर्न सकिनेछ।



जनक कुमार बोँठा मगर
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## २०. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरू

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरू आउन सक्ने अवस्था छ :

| सिन | संभाव्यजोखीम | जोखीम न्यूनीकरणका उपायहरू |
|---|---|---|
| १. | पितृसत्तात्मक तथा सामान्ती सोचहावी रहेको सन्दर्भमा लैङ्गकि समानता तथा सामाजिक समावेशी मूलप्रवाहीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छभन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुनसक्छ। | लैंगिकसमानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने। |
| २. | सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ। | बहुपक्षीय सरोकारवालाहरूसंगको समन्वय तथा सहकार्य बढाउने। |
| ३. | लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ। | स्थानीय तहका हरेक वैठकमा लैंगिकसमानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरूको समिक्षा गर्ने। |
| ४. | लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ। | विषय विज्ञहरू संग नियमित परामर्श गर्ने। |
| ५. | विषयगत शाखा तथा अन्य सरोकारवालाहरू विच लैससास रणनीति कार्यान्वयनमा अन्यौल, विविधता तथा दोहोरोपना हुनसक। | विषयगत शाखाका निति,सवालहरू र कार्यक्रममा दोहोरोपना हटाउन समन्वय रसहकार्यमा जोड दिने । |

जनक कुमार बाँठा मगर
अध्यक्ष

## २१.दस्तावेज मस्यौदा तयार तथा प्रकाशन

नेपालमा वर्गीकृत जातजाती मध्ये अधिकांस जातीहरुको बसोबास रहेको हुनाले नागरिकका आशा अपेक्षा पनि असिमित रहेका छन। वार्षिक नीति कार्यक्रमले समावेशीताका मुद्दालाई समेट्ने खालका कार्यक्रम तथा योजना निर्माणमा सम्बेदनशील छ। तथापी रणनितिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धी सुनिश्चित गर्न स्थानीय सरकारका साथै अन्य रोकारवाला, सामाजिक संघ संस्था र नीजि क्षेत्रको यथोचित अग्रसरता र अर्थपूर्ण सहकार्य अपेक्षित हुन्छ ।रणनीतिक योजनाको सफल कार्यान्वयन र समावेशी आर्थिक ,सामाजिक ,राजनैतिक र सांस्कृतिक विकासको लक्ष्य हाँसिल गर्न गाउँपालिकाले आफ्नो संस्थागत क्षमता र कार्य पद्दती सुधारमा उचित ध्यान पुर्याउन आवश्यक छ ।लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा बनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । नीतिहरु बनेता पनि कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा परेको हुनाले अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजानुले निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर प्राप्त भई लक्षमा पुग्न सकिनेछ ।रणनीतिको मस्यौदालाई अन्तिम रुप दिइ प्रकाशन गरी कार्यान्वयनमा ल्याइनेछ ।

जनक कुमार बुढा मगर
अध्यक्ष